# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

आज किराँत समुदायका दाजुभाई-दिदिबहिनीहरुले हर्षोल्लासपूर्ण वातावरणमा उँधौली पर्व मनाउँदैछन् । हाम्रो देशका आदिवासी जनजातिहरु प्रकृतिसंग जीवनका हरेक पक्षहरुसंग एकाकार हुँदै आएको कुरा सर्वविदितै छ । प्रकृतिसंग रमाउने विशेषताको एक पक्ष उँधौली पर्व हो । आफ्नै मौलिक सभ्यता तथा संस्कृति रहेको किराँतहरूको यस महान् पर्वले विश्व सामु हाम्रो पहिचान बनाउन महत्वपूर्ण भूमिका खेलेको छ । यस अवसरमा देशभित्र र बाहिर रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई-दिदिबहिनीहरुमा सुस्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु ।

हाम्रो परम्परा, भेषभुषा, चालचलन,चाडपर्व एवं संस्कृतिमा विविधता रहेको छ । यही विविधताका कारण विभिन्न समुदायमा छरिएका हामीहरुबीच आपसी सद्भाव,सहिष्णुता, भातृत्व तथा एकता कायम छ । यस पर्वले हामीबीच आपसी मेलमिलाप,सद्भाव र सहिष्णुता अभिवृद्धि गर्दै राष्ट्रिय एकता सुदृढ गर्न प्रेरित गर्नेछ भन्नेमा म विश्वस्त छु । यस सन्दर्भमा किराँत समुदाय तथा समस्त नेपालीहरुमा पुनः एक पटक हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**२०८० साल पुस १० गते, मंगलबार ।**

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**